# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार १५ गते, २०७७ साल (अतिरिक्ताङ्क १५

# भाग २

## नेपाल सरकार
## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७७ सालको ऐन नं. ५

## <u>आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन संवत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक वर्ष २०७७/७८ को निमित्त सङ्घीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची–१ बमोजिम सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची–२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू.१३,७४,२१,०४,००,०००।- (अक्षेरेपी तेह्र खर्ब चौहत्तर अर्ब एक्काइस करोड चार लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सङ्घीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्वारा सङ्घीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची–२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची–२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिन आएमा अर्थ

मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न, निकासा र खर्च जनाउन, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) प्रदेश वा स्थानीय तहका लागि अनुदान सङ्ख्या ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्ख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान सङ्ख्यामा निकासा र खर्च हुने हो सोही अनुदान सङ्ख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था:</u> (१) अनुदान सङ्ख्या ७०१ को रकम कानून बमोजिम प्रदेशले खर्च गर्न पाउने गरी अनुदानको रुपमा प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) अनुदान सङ्ख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते, कार्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा दाखिल गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा नेपाल सरकारले उपदफा (३) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपात अनुसार पुनः निर्धारण गरी नेपाल सरकारले निर्धारण गरेको

समयमा महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा दाखिल गर्नेछ।

(५) उपदफा (३) बमोजिम वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (४) बमोजिम नेपाल सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा नेपाल सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(७) उपदफा (१) र (२) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते दाखिल गर्नेछ।

(८) प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रकृया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र

सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण प्रदेश वा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते, असार २५ गतेभित्र  र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको खर्चको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले उपदफा (७) बमोजिम प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनु पर्नेछ।

(११) नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ।

(१२) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आगामी आर्थिक वर्षको असोज मसान्तभित्र सङ्घीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक

वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

५. **योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नु पर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश तथा स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदानमार्फत हस्तान्तरण भएका योजना वा कार्यक्रमको कार्यान्वयन गर्दा थप रकम माग भई आएमा अर्थ मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलव्ध गराउने निर्णय गर्न सक्नेछ। यसरी थप निकासा हुने रकम सम्बन्धित स्थानीय तहको वार्षिक बजेटमा समावेश गरी सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेछ।

(३) यो ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजीगततर्फका कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको निर्णयको जानकारी सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (२) बमोजिम थप रकम उपलव्ध गराउने निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(६) उपदफा (३) बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेशको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

(७) उपदफा (३) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक

कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

६. **लेखाङ्कन, प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षणसम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई शुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएका कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनु पर्नेछ। यसरी प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको स्रोत कायम गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले उपदफा (३) बमोजिमको सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन पेश नभएको कारणबाट खर्च भएको रकम सोधभर्ना हुन नसकेमा सो बराबरको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहमा अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब मिलान गरिनेछ।

७. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश वा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका विषय पालना हुने गरी बनाउनु पर्नेछः–

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिमको आय

व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्नु पर्ने।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०७७ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

तर कुनै मनासिब कारण संवत् २०७७ साल असोजभित्र विनियोजन भएको निकायको प्रमुखले बाँडफाँट गर्न नसकेमा सो को कारण खुलाई बाँडफाँटको लागि अनुरोध गरेमा अर्थ मन्त्रालयले संवत् २०७७ साल कात्तिक मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी नेपाल सरकारको स्रोततर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप घट गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको अधिनमा रही

थप हुने खर्च शीर्षकको शुरु विनियोजनको पच्चीस प्रतिशतसम्मको रकमान्तर,

(ग) एकभन्दा बढी निकायमा बाँडफाँट भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको रोक्का पत्रको आधारमा क्रियाकलाप परिवर्तन नगरी तथा कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन।

(८) उपदफा (६) र (७) बमोजिमको संशोधन सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

९. **कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१०. <u>आदेश जारी गर्न सक्ने</u>: (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नेपाल सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

# अनुसूची - १
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

रू.लाखमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ८१ | ० | ८१ |
| २ | १०२ | उपराष्ट्रपति | ६७ | ० | ६७ |
| ३ | १०३ | प्रदेश प्रमुखहरु | ३५८ | ० | ३५८ |
| ४ | २०२ | सङ्घीय संसद | २५० | ० | २५० |
| ५ | २०४ | अदालत | ५५८ | ० | ५५८ |
| ६ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ९९ | ० | ९९ |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | २७ | ० | २७ |
| ८ | २१० | लोक सेवा आयोग | ७६ | ० | ७६ |
| ९ | २१२ | निर्वाचन आयोग | ७० | ० | ७० |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ७१ | ० | ७१ |
| ११ | २१८ | न्याय परिषद् | २० | ० | २० |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८६ | ० | ८६ |
| १३ | २२२ | राष्ट्रिय महिला आयोग | ८० | ० | ८० |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | ७१ | ० | ७१ |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | ७० | ० | ७० |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | ७० | ० | ७० |
| १७ | २३० | मधेशी आयोग | ६३ | ० | ६३ |
| १८ | २३२ | थारू आयोग | ७९ | ० | ७९ |
| १९ | २३४ | मुस्लिम आयोग | ७१ | ० | ७१ |
| २० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | २७०८४७ | ४५२७४५ | ७२३५९२ |
| २१ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ४२१७२ | २०५२४५ | २४७४१७ |
| २२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ५०३८ | २५५३६ | ३०५७४ |
| २३ | ६०२ | अर्थ मन्त्रालय- फैसला वा आदेश अनुसार तिर्नुपर्ने रकम | ५०० | ० | ५०० |
| | | जम्मा | ३२०८२४ | ६८३५२६ | १००४३५० |

## अनुसूची -२
### (दफा २ र ३ सँग सम्बन्धित)
### सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने रकम

रू.लाखमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | १२१७ | ३२३ | ० | १५४० |
| २ | १०२ | उपराष्ट्रपति | ४२६ | १७ | ० | ४४३ |
| ३ | १०३ | प्रदेश प्रमुखहरु | १८१५ | ११६ | ० | १९३१ |
| ४ | २०२ | सङ्घीय संसद | ११९८८ | ३१९ | ० | १२३०७ |
| ५ | २०४ | अदालत | ४७७६५ | १९४८९ | ० | ६७२५४ |
| ६ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ९४०६ | ३७९९ | ० | १३२०५ |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | ४८३२ | १३७३ | ० | ६२०५ |
| ८ | २१० | लोक सेवा आयोग | ८८२८ | २२२ | ० | ९०५० |
| ९ | २१२ | निर्वाचन आयोग | ४३६५ | ३६६ | ० | ४७३१ |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २४६९ | ३५ | ० | २५०४ |
| ११ | २१८ | न्याय परिषद् | ४२८ | २१ | ० | ४४९ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ७६७ | २७ | ० | ७९४ |
| १३ | २२२ | राष्ट्रिय महिला आयोग | ११२४ | १० | ० | ११३४ |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | २५७ | ० | ० | २५७ |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | २५४ | १७ | ० | २७१ |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | २२१ | २४ | ० | २४५ |
| १७ | २३० | मधेशी आयोग | २६६ | १७ | ० | २८३ |
| १८ | २३२ | थारू आयोग | ३२८ | ४० | ० | ३६८ |
| १९ | २३४ | मुस्लिम आयोग | ३१७ | ५६ | ० | ३७३ |
| २० | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७६७० | ५२१५ | ० | ४२८८५ |
| २१ | ३०५ | अर्थ मन्त्रालय | २५०१०३ | ९५४६७ | ० | ३४५५७० |
| २२ | ३०७ | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | ५२८५१ | ४९०१३ | ० | १०१८६४ |
| २३ | ३०८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ५२८९९ | ३६२२३० | ० | ४१५१२९ |
| २४ | ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४७३१ | ५६ | ० | ४७८७ |
| २५ | ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २६१७७४ | ३१५०२ | ० | २९३२७६ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| २६ | ३१३ | खानेपानी मन्त्रालय | ३२५७५ | २४८२३५ | ० | २८०८१० |
| २७ | ३१४ | गृह मन्त्रालय | १२९९११४ | ५९८६९ | ० | १३५८९८३ |
| २८ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३७५१२ | १९११६ | ० | ५६६२८ |
| २९ | ३२६ | परराष्ट्र मन्त्रालय | ५१०१९ | ११८७९ | ० | ६२८९८ |
| ३० | ३२९ | वन तथा वातावरण मन्त्रालय | ८०३४० | ४५३७८ | ० | १२५७१८ |
| ३१ | ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५६७४२ | २५५२७ | ० | ८२२६९ |
| ३२ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १०३६६१ | १२३९२८३ | ० | १३४२९४४ |
| ३३ | ३४० | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७३८० | १२०९ | ० | ८५८९ |
| ३४ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | १६४६५ | १९३० | ० | १८३९५ |
| ३५ | ३४५ | रक्षा मन्त्रालय | ४४५९६७ | ५६६१९ | ० | ५०२५८६ |
| ३६ | ३४७ | शहरी विकास मन्त्रालय | ७२३६४ | २४९६९७ | ० | ३२२०६१ |
| ३७ | ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५५४८६८ | ३८२१ | ० | ५५८६८९ |
| ३८ | ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५२९०१ | १८४४१ | ० | ७१३४२ |
| ३९ | ३६५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १३६३१२ | १५४६१४ | ० | २९०९२६ |
| ४० | ३७० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ४५४१०७ | १५२६८१ | ० | ६०६७८८ |
| ४१ | ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ८३३१७ | ६२३ | ० | ८३९४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२ | ३९१ | राष्ट्रिय योजना आयोग | ३१६७६ | ८९४ | ० | ३२५७० |
| ४३ | ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १६०४९४ | ३८९५०६ | ० | ५५०००० |
| ४४ | ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ० | ० | १०४४३४७ | १०४४३४७ |
| ४५ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ८२७००० | ० | ० | ८२७००० |
| ४६ | ६०२ | अर्थ मन्त्रालय- विविध | २८१३५४ | २८००९९ | ० | ५६१४५३ |
| ४७ | ७०१ | प्रदेश | ९९८७३७ | ० | ० | ९९८७३७ |
| ४८ | ८०१ | स्थानीय तह | २६२७५७६ | ० | ० | २६२७५७६ |
| | | जम्मा | ९१६८५८२ | ३५२९१७५ | १०४४३४७ | १३७४२१०४ |

**आज्ञाले,**
**ऋषि राजभण्डारी**
**नेपाल सरकारको सचिव ।**

प्रमाणीकरण मितिः २०७७।३।१५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३